बैठक संख्या :- १४१
मिति : - २०८०।०४।१७, बुधबार
समय :- बिहान ७:३० बजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव (प्र.प्र.अ.) |

## प्रस्तावहरु :

१. मिल्कि-वे परियोजनाको सम्बन्धमा ।
२. नगर दररेट सम्बन्धमा ।
३. उपभोक्ता कार्यविधि सम्बन्धमा ।
४. संघीय विशेष अनुदान सम्बन्धमा ।
५. प्रदेश विशेष अनुदान संचालन सम्बन्धमा ।
६. प्रदेश समपुरक अनुदान सम्बन्धमा ।
७. संघीय सशर्त र प्रदेश शसर्त अनुदान लगायतका आयोजना संचालन सम्बन्धमा ।
८. बस पार्क स्टल निर्माण
९. संघीय समपूरक अनुदान योजना संचालन सम्बन्धमा ।
१०. प्रशासनिक भवन र प्यारापिट निर्माण ।
११. पसल कवल कोठा भाडा सम्बन्धमा (क-छ) ।
१२. भिमान स्वास्थ्य चौकीलाई ५ शैयाको नगर आधारभुत अस्पतालमा स्तर वृद्धि गर्ने सम्बन्धमा ।
१३. सिन्धुली अस्पतालमा कार्यरत चिकित्सकहरुलाई प्रोत्साहन भत्ता वितरण कार्यविधि सम्बन्धमा ।
१४. कर्मचारी तह वृद्धि
१५. कार्यविधि (लेखा समिति र बाल अधिकार संरक्षण) र घ वर्गको इजाजत पत्र सम्बन्धमा ।
१६. भूमि सम्बन्धमा ।
१७. भवन तथा वस्ति विकास (घर नक्सा शाखा) सम्बन्धी ।
    क) भवन निर्माण सम्पन्न
        - लक्ष्मी पाखीन/रोहित सुनुवार
        - तीथ बहादुर थिङ
        - आशा देवी पन्जियार/पंकज कुमार पन्जियार
    ख) अधिकतम् भुई क्षेत्रको अनुपात (FAR)
    ग) हाई भोल्टेज ट्रान्समिसन लाईन सेफ्टी सम्बन्धी
    घ) घर नियमित सम्बन्धमा ।
१८. विद्यार्थीको दिवा खाजा सम्बन्धमा ।
१९. कर्मचारी भर्ना परिक्षा प्रणाली कार्यविधि ।
२०. पशु शाखा सम्बन्धमा ।
२१. ढुंगा गिट्टी ठेक्का सम्बन्धमा ।
२२. आर्थिक वर्ष २०७९/०८० को आय-व्यय सम्बन्धमा ।
२३. सामी परियोजना सम्बन्धमा ।

सहयोगी कर्मचारी :

- टेकेन्द्र कुमार कार्की, आर्थिक प्रशासन प्रमुख
- सुशिल कुमार वर्मा, आन्तरीक लेखा परीक्षण शाखा प्रमुख
- अजय प्रधान, क.अ., प्रशासन शाखा

निर्णयहरु

निर्णय नं. १ : मिल्कि वे परियोजना सम्बन्धमा हेफर इन्टरनेसनलले पेश गरेको कार्यक्रममा छलफल भयो ।

निर्णय नं. २ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम् दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकि सक्नु पर्नेछ भनी उल्लेख भएकोमा कमलामाई नगरपालिका सदरमुकामको नगरपालिका समेत भएको हुँदा आ.व. २०८०/०८१ को लागि जिल्ला दररेट निर्धारण समिति, सिन्धुलीले जिल्लाको लागि दररेट निर्धारण गरेपछि सो लाई मध्येनजर गरी दररेट निर्धारण गर्ने मिति २०८०/०३/०७ को नगर कार्यपालिकाको वैठकको निर्णय नं. २ बाट निर्णय भए अनुसार सिन्धुली जिल्लाको लागि आ.व. २०८०/०८१ को लागि जिल्ला दररेट निर्धारण भई सकेको हुँदा सो समेतलाई आधार मानी तयार भएको "कमलामाई नगर कामदार तथा निर्माण सामग्री नगर दररेट, २०८०/०८१" स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : "कमलामाई नगरपालिका, उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८०" स्वीकृत गर्ने ।

निर्णय नं. ४ : संघीय विशेष अनुदान तर्फ स्वीकृत आयोजनाहरु मध्ये वृहत मरिण सुनकोशी डाइभर्सन लिफ्ट खानेपानी आयोजनाको लागि स्वीकृत अनुदान रकमबाट नै सरोकारवालाहरुसँगको वृहत सहभागितामा विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गर्ने र अन्यको हकमा कार्यान्वयन प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रदेश विशेष अनुदान तर्फ स्वीकृत आयोजनाहरुको कार्यान्वयन प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रदेश समपुरक अनुदान तर्फ स्वीकृत आयोजनाहरुको देहाय बमोजिम कार्यान्वयन प्रकृया अगाडी वढाउने ।

क) एकपाखे-छतिवन-सिके सडक (शुरु विन्दुबाट कालो पत्रे गर्ने)
ख) केवरे-केरावारी-बाँसकटेरी सडक (शुरु विन्दुबाट कार्य शुरु गर्ने)
ग) माईस्थान-ईश्वरपुर सडक (शुरु विन्दुबाट कालोपत्रे गर्ने)

निर्णय नं. ७ : संघीय सशर्त अनुदान र प्रदेश सशर्त अनुदान तर्फ स्वीकृत आयोजनाहरु संचालनको सन्दर्भमा मिति २०८० आश्विन १५ गते सम्म उपभोक्ता समिति गठन गर्ने सम्वन्धीत वडा

कार्यालयमा पत्राचार गर्ने र उक्त अवधि भित्र उपभोक्ता समिति गठन भई नआएमा सिलवन्दी दरभाउ पत्र/बोलपत्रको माध्यमद्वारा कार्यान्वयन प्रकृया अगाडी वढाउने ।

निर्णय नं. ८ : बसपार्क स्टल निर्माणको कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट कार्यान्वयन प्रकृया अगाडी बढाउने ।

निर्णय नं. ९ : संघीय समपूरक अनुदान तर्फका स्वीकृत आयोजनाहरु मध्ये सिलामे-बेल्टार सडकको बेल्टारबाट र पुरानो चौकी आगे सडकको मा.वि. चोकबाट कार्यान्वयन गर्ने तथा अन्यको हकमा विगतको निर्माण कार्यलाई नै निरन्तरता दिने ।

निर्णय नं. १० : नगरका प्राथमिकतामा आधारित योजनाहरु अन्तर्गत नगरपालिका केन्द्र प्रशासनिक भवन निर्माण हालको भवन पछाडीको जग्गामा निर्माण गर्ने र खम्वेचौरी प्यारापिट निर्माण कार्यको लागि सोही शिर्षकहरुमा विनियोजित रकमबाट विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने ।

निर्णय नं. ११ : कमलामाई नगरपालिका क्षेत्र भित्र रहेका पसल कवल सम्बन्धी निम्नानुसार निर्णय गरियो । (क-छ)

क) कमलामाई नगरपालिका आफैले निर्माण गरी भाडामा लगाएका पसल कवल भाडामा लिएर पसल व्यवसाय सञ्चालन गर्दै आउनु भएका वा व्यवसाय सञ्चालन गरिहरनु हुने व्यक्तिहरुले यस कमलामाई नगरपालिकालाई वुझाउनु पर्ने २०८० साल आषाढ सम्मको भाडा रकम तिर्ने र नियमित रुपमा वस्दै आउनु हुने व्यवसायीहरुलाई २ वर्षको लागि सम्झौता गरिदिने र रकम नतिर्ने व्यक्तिसंग सरकारी वाँकी सरह असूल उपरको लागि उठ्न वाँकी रकम असूल उपर गर्न प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

ख) कमलामाई नगरपालिका आफैले निर्माण गरी भाडामा लगाएको पसल कवल भाडा वापत नगरपालिका लाई वुझाउनु पर्ने रकम नवुझाई पसल कवल वन्द अवस्थामा रहेको वडा नं.०६ को वसपार्क नजिक निर्माण भएको पसल कवल कोठा नं.०९ को न्युतम अंक रु.२३११५।- र भिमानमा निर्माण भएको पसल कवल कोठा नं.०६ को न्युनतम अंक रु ३८३५।- कायम गरी सूचना आव्हान गर्ने निर्णय गरियो ।

ग) कमलामाई नगरपालिका वडा नं.०६ वसपार्क भित्र निर्माण भएको प्रत्येक पसल कवलको मासिक न्युनतम भाडा रकम रु.१५०००।- (पन्ध्र हजार) कायम गरी सूचना आब्हान गर्ने निर्णय गरियो ।

घ) वडा नं. ०३ को गढीमा निर्मांण भएको प्रत्येक पसल कवलको न्युनतम मासिक भाडा रु.५०००।- कायम गरी पसल कवलमा वस्ने व्यापारीसंग सम्झौता गर्ने वा सूचना आव्हान गर्ने निर्णय गरियो ।

ङ) वडा नं.०६ वसपार्कमा निर्माण भएको सार्वजनिक सौचालय र पसल कवल निता गौतमले भाडामालिई मासिक भाडा रु.२५०९०।- तिर्दै आउनु भएको निजले २०८० असार सम्मको

भाडा बुझाई सक्नु भएकोले आ.व. २०८०/०८१ को लागि मासिक भाडा रकम रु.३००००।- कायम गरी म्याद थप गरी सम्झौता गर्ने वा साविकको व्यापारीले सम्झौता नगरेमा सूचना आव्हान गर्ने निर्णय गरियो ।

च) कमलमाई नगरपालिका क्षेत्र भित्र रहेको गढी दरवारको नजिक रानी दरवारको पश्चिम पट्टि रहेको पसल कवल मासिक भाडा रु. २५,०००।- न्यूनतम अंक कायम गरी सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

छ) कमलामाई नगरपालिका स्थित सिन्धुली गढी दरवार परिसर स्थित शौगात पसल मासिक भाडा रु. २०,०००।- न्यूनतम अंक कायम गरी सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : कमलामाई नगरपालिका वडा नं.-९, भिमानमा रहेको स्वास्थ्य चौकीबाट प्रदान गर्ने स्वास्थ्य सेवालाई स्तरोन्नती गरी ५ सैयाको नगर आधारभुत अस्पतालमा परिणत गरी सेवा सुचारु गर्ने र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृत दरवन्दी संरचना अनुसार तहाँ स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुलाई सेवा समूह अनुसार उक्त ५ सैयाको सम्मको अस्पतालमा दरवन्दी समायोजन गरी थप र आवश्यक दरबन्दी पदपूर्ती गर्दै लैजाने निर्णय भयो ।

निर्णय नं. १३ : सिन्धुली अस्पतालमा कार्यरत चिकित्सकहरु सम्वन्धी प्रोत्साहन भत्ता वितरण कार्यविधि २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०७८ तथा स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६ उपदफा (३) मा उल्लेख भए अनुसार देहाय बमोजिम कर्मचारीहरुको शैक्षिक योग्यता र सेवा अवधि समेत पुगेको हुँदा मिति २०८०/०४/०१ गते देखि लागू हुने गरी तपसिल बमोजिमको पद/तहमा तहवृद्धि गर्ने निर्णय गरियो ।

| सि.नं. | कर्मचारीको नाम, थर | कार्यरत पद/तह | सेवा/समूह | तह वृद्धि हुने पद पद/तह | सेवा समूह |
|---|---|---|---|---|---|
| १ | उमा भुजेल | का.स./चौथो | प्रशासन | सहायक चौथो | प्रशासन |
| २ | प्रशान्त कुमार थिङ्ग | का.स./चौथो | प्रशासन | सहायक चौथो | प्रशासन |

निर्णय नं १५ : बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०८० र लेखा समितिको कार्य संचालन नियमावली, २०८० स्वीकृत गर्ने र श्री आन विल्डर्स एवं कन्सल्टेण्ट प्रा.लि., क.न.पा.-६, सिन्धुली (संचालक : दुर्गादेवी बस्नेत) लाई घ वर्गको इजाजत प्रमाण-पत्र दिने निर्णय गरियो ।

निर्णय नं. १६ (क-ग) सम्म :

क) यस कमलामाई नगरपालिकाको आगामी आर्थिक वर्ष ०८०।८१ मा न्यूनतम घर जग्गा रजिष्ट्रेशन पास प्रयोजन तर्फ घर जग्गाहरुको न्यूनतम मूल्याकन तर्फ हालको वढ्दो आर्थिक समस्याका कारण खरिद विक्रीमा न्यूनहुनु भू उपयोगीताको पूर्ण प्रतिवेदन समेत तयार नहुनुका साथै समुदायतहमा आर्थिक सामाजिक समस्या देखिएकोले यस आर्थिक वर्षमा कायम रहेको घर जग्गाहरुको न्यूनतम मूल्याकनलाइ

नै आउदो आर्थिक वर्ष २०८०।८१ मा कायम रहनका लागि सम्वन्धित निकायमा पेश गरिएको घर जग्गाहरुको न्यूनतम मूल्याकन लाइ सदर गर्ने भनी निर्णय गरियौं ।

ख) भूमिहिन दलित भूमिहिन सुकुम्वासी र अव्वस्थित वसोवासीहरुको जग्गाधनी प्रमाणपत्र वितरण कार्यलाइ तदारुकता साथ अगि वढाउन जनशक्ति कमी रहेको हुदा हाललाइ कम्तिमा एक चौमासिक सम्म रहने गरि २ जना अमिन राष्ट्रिय भुमी आयोगमा अनुरोध गर्ने उक्त कार्यलय वाट व्यवस्था हुन नसकेमा दैनिक ज्यालदारी सेवामा आवश्यक व्यवस्थापनका लागि यस कार्यलय वाट समेत तयार गर्ने निर्णय गरियौं ।

ग) भूमिहिन दलित भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको जग्गाधनी प्रमाणपत्र वितरण मध्ये हाललाइ वडा न ७ को वडा स्तरिय वाट सम्पुर्ण कार्यहरु सम्पन्न भएकोले तपसिलमा उल्लेखित भूमिहिन दलित भूमिहिन सुकुम्वासीहरुलाइ जग्गाधनी प्रमाणपत्र वितरणका लागि अवश्यक छानवीन तथा नियमानुसार जग्गा प्राप्तिका लागि राष्ट्रिय भूमि अयोग जिल्ला समितिमा सिफारिस सहित पेश गर्ने भनी निर्णय गरियौं ।

| सिन | वसोवास वा अवाद कमोत गर्ने | नक्सा न | कित्ता कोड | भोग चलन गरेको क्षेत्रफल | प्रयोजन | उपलब्ध गराउन सकिने जग्गाको अधिकतम व मि | उपलब्ध गराउने कित्ता पुरै वा मध्ये |
|---|---|---|---|---|---|---|---|
| १ | श्याम वहादुर विक | १६३-१३५५-२ | BD०००५ | २३०.४३५<br>०-०-१३-३ | ग्रैह कृषि | ३४०.००<br>०-१-०-१ | पुरै |
| २ | तुलसा दर्नाल | १६३-१२७६-१ | BD०००६ | १७४.२०<br>०-०-१०-२ | ग्रैह कृषि | ३४०.००<br>०-१-०-१ | पुरै |
| ३ | रेधे व दमाइ | १६३-१२७६-२ | BD०००८ | ४९०.६८९<br>०-१-८-३ | कृषि | २०००.००<br>०-५-१८-१ | पुरै |
| ४ | सोम कामी | १६३-१३१६-२ | BD००११ | ६४४.३२<br>०-१-५-० | कृषि | २०००.००<br>०-५-१८-१ | पुरै |
| ५ | रड कुमारी दमाइ | १६३-१२७६-१ | BD०००९ | ४४१.७९०<br>०-१-६-० | कृषि | २०००.००<br>०-५-१८-१ | पुरै |
| ६ | दिलमाया दमाइ | १६३-१३९८-२ | BD००१० | ३७४४.३९२<br>०-११-१-० | कृषि | २०००.००<br>०-५-१८-१ | मध्ये |
| सिन | वसोवास वा अवाद कमोत गर्ने | नक्सा न | कित्ता कोड | भोग चलन गरेको क्षेत्रफल | प्रयोजन | उपलब्ध गराउन सकिने जग्गाको अधिकतम व मि | उपलब्ध गराउने कित्ता पुरै वा मध्ये |
| १ | शोभा रोक्का | १६३-१२७६-४ | BS०००२ | १०९.७<br>०-०-६-२ | ग्रैह कृषि | ३४०.००<br>०-१-०-१ | पुरै |
| २ | हरि व कार्की | १६३-१३१५-१ | BS०००१ | ३९.८<br>०-०-२-२ | ग्रैह कृषि | ३४०.००<br>०-१-०-१ | पुरै |
| ३ | जुना कुमारी हायु | १६३-१३९८-२ | BS००१२ | १०३९.४७<br>०-३-१-१ | कृषि | २०००.००<br>०-५-१८-१ | मध्ये |

अव्यवस्थित वसोवासीहरुको लागि राष्ट्रिय भूमि अयोगले निर्धारण गरेको अनुसूची ६ अनुरुप निस्सा वितरण कार्यकम तय गरि वितरण गर्नुका साथै अवश्यक प्रकिया अनुसार जग्गाधनी प्रमाणपत्र प्राप्ती प्रकृयामा लैजाने निर्णय गरियौं ।

निर्णय नं. १७ भवन निर्माण सम्पन्न सम्बन्धी (क-घ) :

क) भवन निर्माण सम्पन्न सम्बन्धी :

- उल्लेखित घरधनिहरु लक्ष्मी पाखीन र रोहित सुनुवारको जग्गाको पश्चिम पट्टि १२ मिटर कायम भएको सार्वजनिक बाटो रहेको छ । पूर्व पट्टि व्यक्तिगत जग्गाहरुमा चलनचल्तिको बाटो कायम गरि प्रयोग भई रहेको छ ।

  नापी नक्सामा सार्वजनिक बाटो देखिन्छ तर चलन चल्तिको बाटो देखिदैन तसर्थ नापी नक्सा बमोजिम बाटोको पहिचान गरि उक्त बाटोको मापदण्ड अनुसार सेटव्याक छोड्ने ।

  नापी नक्समा बाटो नदेखिएको तर फिल्डमा व्यक्तिगत जग्गामा चलनचल्तिको बाटो कायम रहेकोले उक्त बाटोलाई आधिकारिक मान्न नसकिने हुँदा लक्ष्मी पाखिन र रोहित सुनुवारले उक्त बाटोलाई सेटव्याक छोड्नु नपर्ने ।

- तीर्थ वहादुर थिङको घर अगाडीको जग्गा बाटो प्रयोजनको लागि छोडेको हुँदा उक्त बाटो ४ मि.चौडाईको कायम गर्न सकिने भन्ने व्यवस्था बस्ती विकास र सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ (पहिलो संशोधन) को वुदा नं. १६.१२ (स्थानीय सडकको क्षेत्राधिकार) मा रहेकाले निजलाई बाटोको सेटव्याक १.५ मि छोडरे निर्माण सम्पन्न दिन सकिने ।

- आशा देवी पन्जियार /पंकज कुमार पन्जियारका ४ तला नक्सा स्वीकृत गराई पाँच तला भवन निर्माण गरेकोमा स्टक्चरल एनालासिस अनुसार ५ तले भवन निर्माण गर्न मिल्ने भएकोले सम्पन्न पत्र दिन सिफारिस । मापदण्डमा उल्लेख भएअनुसार ५ तला सम्म माटो परिक्षण गर्नु नपर्ने ।

ख) कमलामाई नगरपालिकाको बस्ती विकास र सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ (पहिलो संशोधन) को वुदा नं. १६ मा पुरानो सहरी क्षेत्र वाहेकका अन्य क्षेत्रमा अधिकतम भुई क्षेत्रको अनुपात (FAR):

हाल भएको व्यवस्था :

| क्षेत्र | व्यापारिक तथा सभा सम्मेलन भवन | आवासीय भवन | मिश्रित आवासीय भवन | संस्थागत भवन |
|---|---|---|---|---|
| नगरक्षेत्र भित्र | ३.० | २.० | २.० | - |

नेपाल सरकार राजपत्रको पछिल्लो प्रकाशनमा भएको व्यवस्था अनुसार निर्णय :

| क्षेत्र | व्यापारिक तथा सभा सम्मेलन भवन | आवासीय भवन | मिश्रित आवासीय भवन | संस्थागत भवन |
|---|---|---|---|---|
| पाहाड | ३.५ | ३.५ | ४.० | २.५ |
| तराई | ३.० | ३.० | ३.० | २.५ |

ग) हाइभोल्टेज ट्रान्समीसन लाईन :

कमलामाई नगरपालिकाको बस्ती विकास र सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ (पहिलो संशोधन) को वुदा नं. ५५ मा भवन निर्माणको लागि High Tension Line र जग्गाको दुरी

- २२० v वा वितरण लाइनमा १.२५ मि
- ११ kv लाइनमा १.५ मि.
- ३३ kv लाइनमा २ मि.
- ६६ kv लाइनमा ३ मि.
- १३२ kv लाइनमा ५ मि.

हुने भनि व्यवस्था भएकोमा हाल अन्तराष्ट्रिय मापदण्ड र विभिन्न प्रतिवेदनलाई तुलना गर्दा उक्त दुरी अति न्यून भएको देखिएकोले यस नगर क्षेत्र भित्र अव निर्माण हुने संरचनाहरुमा High Tension Line र जग्गाको दुरी निम्नानुसार हुने गरि व्यवस्थापन गरिने,

- २२० v वा वितरण लाइनमा १.५ मि
- ११ kv लाइनमा ३ मि.
- ३३ kv लाइनमा ५ मि.
- ६६ kv लाइनमा १० मि.
- १३२ kv लाइनमा १८ मि.
- २०० kv लाइनमा ३० मि.

घ) कमलामाई नगरपालिकाको वस्ती विकास र सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ (पहिलो संशोधन) अनुसार नक्सा पास नभएको घरहरुको घर नियमित/अभिलेखिकरण गर्नको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं १८. : सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको दिवा खाजा सम्वन्धमा संघीय सरकारवाट कक्षा ७ सम्म वजेट प्राप्त हुने आधारमा यस पालिकाबाट कक्षा ८ का लागि दिवा खाजा व्यवस्थापन गर्न वजेट व्यवस्थापन गरिएकोमा हाल संघबाट कक्षा ५ सम्म मात्र दिवा खाजाको लागि वजेट व्यवस्था हुने जानकारी अनुसार हाललाई यस पालिकाले प्रदान गर्ने दिवा खाजा कक्षा ६ लाई व्यवस्था गर्ने, यदि संघीय सरकारवाट वजेट विनियोजन भई आएमा सो भन्दा माथिल्लो कक्षामा यस पालिकाले खाजा व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं १९. : नगरपालिकाले आवश्यक कर्मचारी भर्ना गर्न मौजुदा कर्मचारी कार्यविधि तथा नियमावली स्पष्ट भएको नदेखिएका लोक सेवा आयोगको सामान्य मार्गदर्शन सिद्धान्त, नियम तथा कार्यविधि बमोजिम हुने गरी प्राविधिक तथा प्रशासनिक कर्मचारी, नगर प्रहरी, कम्प्यूटर अपरेटर तथा श्रेणी बिहिन कर्मचारीहरुलाई सेवा करारमा लिने नियमावली तयार गरी आउँदो कार्यपालिका बैठक समक्ष पेश गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वयमा ३ (तीन) सदस्यीय नियमावली मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं २० : पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट यस नगरपालिकामा प्राप्त हुने लम्पी स्कीन विरुद्धको भ्याक्सिन वडा नं. ४ र ५ को निरोगी पशु गाई, भैंसीहरुलाई लगाउने र वडाहरुबाट पशु, गाई, भैंसी आदिको तथ्याङ्क संकलन गरी लम्पीव स्कीन विरुद्धको भ्याक्सिन खरीद गर्ने निर्णय गरियो ।

निर्णय नं २१ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क मा भएको व्यवस्था तथा यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ अनुसार कमलामाई नगरपालिकाले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) ले निर्धारण गरेको नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजि नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी वाग्मती प्रदेश सरकारको आर्थिक ऐनले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरुले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, नियम अनुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि तपसिल बमोजिमका खोला तथा नदीहरुको उत्खनन् संकलन र विक्री गर्न विधिुतिय बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | आय ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्न पाउँने परिमाण (घन मि.) | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी / विड वण्ड | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दर्ता गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८०/८१ | कमलाखोला कर्करे - सिस्नेरी खण्ड ( IEE ले तोकेको क्षेत्र ) | १६८६० | ५३५३३८७२० | ३०००। - | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र |
| २ | २/२०८०/८१ | कमला- भिमान खोला दोभान खण्ड ( IEE ले तोकेको क्षेत्र ) | २५३० | ८,०३,३२५।६० | १०००। - | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र |
| ३ | ३/२०८०/८१ | कमलाखोला चन्दनपुर क खिरखिरे कमला दोभान माथिल्लो | २२३०० | ७०,८०,६९६।- | ३०००। - | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | खण्ड ( IEE ले तोकेको क्षेत्र ) | | | | | | |
| ४ | ४/२०८०/८१ | कमलाखोला चन्दनपुर ख खिरखिरे कमला दोभान तल्लो खण्ड ( IEE ले तोकेको क्षेत्र ) | ३६४५० | १,१५,७३,६०४।- | ३०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र |
| ५ | ५/२०८०/८१ | बुका खोला र गडौली खोला खण्ड ( IEE ले तोकेको क्षेत्र ) | १९०५ | ६,०४,८७५।६० | १०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र |
| ६ | ६/२०८०/८१ | ग्वाँङ्ग खोला फाल्चुरी कारागार खण्ड ( IEE ले तोकेको क्षेत्र ) | ४४१० | १४,००,२६३।२० | १०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र |
| ७ | ७/२०८०/८१ | मरिण खोला ढंगेडाँडा ( खारखोला) खण्ड खण्ड ( IEE ले तोकेको क्षेत्र ) | १२९५० | ४१,११,८८४।- | ३०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र |
| ८ | ८/२०८०/८१ | धमिले खोला सहरे तथा जिर्घा खोला खण्ड ( IEE ले तोकेको क्षेत्र ) | ५२३५ | १६,६२,२१७।२० | १०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र |
| ९ | ९/२०८०/८१ | मरिण खोला-धनामना मरिण दोभान हात्तीगौंडा | ११२१२.५ | ३५६०२७२.३८ | ३०००।- | कवोल अंकको ५% | सूचनाको ३० औं दिन कार्यालय समय भित्र | सूचनाको ३१ औ दिन दिनको १२ बजे भित्र |

निर्णय नं. २२ : आर्थिक वर्ष २०७९/८० को समष्टिगत आय व्यय विवरण र कार्यसञ्चालन कोषको विवरणका सम्वन्धमा वैठकमा सार्वजनिक गरी छलफल पश्चात अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

आ.व. : २०७९/८० श्रावण देखि असारसम्म

| सि.नं. | स्रोत | वार्षिक अनुमानित आय | आम्दानी | ट्रान्सफर | खर्च खाताबाट फिर्ता | अनुदान फिर्ता | मौज्दात |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार : १३३११ - समानिकरण अनुदान | १९,०७,००,०००.०० | १७,६३,९७,५००.०० | १७,६३,९७,५००.०० | १,४१,८४,९५६.४८ | ० | १,४१,८४,९५६.४८ |
| २ | नेपाल सरकार : १३३१२ - शसर्त अनुदान चालु | ५२,६०,०२,०००.०० | ५२,५९,०२,०००.०० | ५२,५९,०२,०००.०० | ३,४९,१३,४६५.५१ | ३,४९,१३,४६५.५१ | ० |
| ३ | नेपाल सरकार : १३३१२ - शसर्त अनुदान चालु | १,००,०००.०० | १,००,०००.०० | ० | ० | १,००,०००.०० | ० |
| ४ | नेपाल सरकार : १३३१३ - शसर्त अनुदान पुँजीगत | २,६१,५०,०००.०० | २,६१,५०,०००.०० | २,७७,७५,०००.०० | २४,३२,६०३.०० | ८,०७,६०३.०० | ० |
| ५ | नेपाल सरकार : १३३१५ - विषेश अनुदान पुँजीगत | ३,५०,००,०००.०० | ३,५०,००,०००.०० | ३,५०,००,०००.०० | २,३७,५२,५०६.०० | २,३७,५२,५०६.०० | ० |
| ६ | नेपाल सरकार : १३३१७ - समपुरक अनुदान पुँजीगत | २,००,००,०००.०० | २,००,००,०००.०० | २,००,००,०००.०० | ७७,०९,७३०.१३ | ७७,०९,७३०.१३ | ० |
| ७ | बागमती प्रदेश : १३३११ - समानिकरण अनुदान | १,८६,३१,०००.०० | १,८६,३१,०००.०० | १,८६,३१,०००.०० | ३८,१७,६८२.०० | ० | ३८,१७,६८२.०० |
| ८ | बागमती प्रदेश : १३३१२ - शसर्त अनुदान चालु | २,६२,७६,०००.०० | २,६२,७६,०००.०० | २,६२,७६,०००.०० | ४,४१,१०९.३३ | ४,४१,१०९.३३ | ० |
| ९ | बागमती प्रदेश : १३३१६ - समपुरक अनुदान चालु | ३,००,००,०००.०० | ३,००,००,०००.०० | ३,००,००,०००.०० | १,४३,८०,८२१.०० | १,४३,८०,८२१.०० | ० |
| १० | राजस्व बाँडफाँड - प्रदेश सरकार : १००२० - राजस्व बाँडफाँड | १०,८८,४७,०००.०० | १०,१४,०३,७१२.०७ | ९,९१,५९,०६८.०२ | १७,२८,२४४.०२ | ० | ३९,७२,८८८.०७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | राजस्व बाँडफाँड – स्थानीय : १००२० - राजस्व बाँडफाँड | ४,५५,००,०००.०० | ५,७७,७८,८९६.७५ | ४,०५,९४,७६८.७४ | ६८,५८,६६०.७४ | ० | २,४०,४२,७८८.७५ |
| १२ | राजस्व बाँडफाँड - संघीय सरकार : १००२० - राजस्व बाँडफाँड | १७,३०,६०,०००.०० | १२,५३,८३,४९५.९५ | १२,५०,४६,२८९.९५ | ११,०४,०३४.६० | ० | १४,४१,२४०.६० |
| १३ | आन्तरिक श्रोत : १००१० - आन्तरिक श्रोत | १८,७५,६२,०००.०० | ६,७९,३१,८६५.४८ | १७,७०,००,०००.०० | १,४२,८२,४४४.०२ | ० | ३,६९,८४,१०३.१५ |
| १४ | नगर विकास कोष : १००१० - आन्तरिक श्रोत | ५,८३,००,०००.०० | ० | ० | ० | ० | ० |
| १५ | जन सहभागिता : १००१० - आन्तरिक श्रोत | ७०,००,०००.०० | ४५,७१,६८५.०० | ४५,७१,६८५.०० | १,७७,४००.०० | ० | १,७७,४००.०० |
| जम्मा | | १,४५,३१,२८,०००.०० | १,२१,५५,२६,१५५.२५ | १,३०,६३,५३,३११.७१ | १२,५७,८३,६५६.८३ | ८,२१,०५,२३४.९७ | ८,४६,२१,०५९.०५ |

| व्यय | | | | |
|---|---|---|---|---|
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | ८९,४१,४८,०००.०० | ८०,४६,६९,०८५.४९ | ८९.९९ | ८,९४,७८,९१४.५१ |
| २११११ पारिश्रमिक कर्मचारी | १०,२०,८२,३७१.०० | ९,६५,६८,९३१.३९ | ९४.६ | ५५,१३,४३९.६१ |
| २११२१ पोशाक | २०,३०,०००.०० | २०,३०,०००.०० | १०० | ० |
| २११२२ खाद्यान्न | १२,००,०००.०० | ९,६४,०००.०० | ८०.३३ | २,३६,०००.०० |
| २११२३ औषधीउपचार खर्च | १,००,०००.०० | ७७,८१८.५० | ७७.८१ | २२,१८१.५० |
| २११३१ स्थानीय भत्ता | १,२६,०००.०० | ३४,७३०.०० | २७.५६ | ९१,२७०.०० |
| २११३२ महंगी भत्ता | २४,००,०००.०० | १६,४२,३९७.०० | ६८.४३ | ७,५७,६०३.०० |
| २११३३ फिल्ड भत्ता | १,००,०००.०० | १,००,०००.०० | १०० | ० |

| | | | | |
|---|---|---|---|---|
| २११३४ कर्मचारीको बैठक भत्ता | २२,६७,०००.०० | २२,६६,८९५.०० | १०० | १०५. |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २१,३४,०००.०० | १५,६६,७९२.०० | ७३.४२ | ५,६७,२०८.०० |
| २११३९ अन्य भत्ता | २,९४,०००.०० | २,८७,६००.०० | ९७.८२ | ६,४००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ४२,६०,००१.०० | ४०,७७,०२५.०० | ९५.७ | १,८२,९७६.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | १,४०,००,०००.०० | १,२५,९०,०००.०० | ८९.९३ | १४,१०,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ० | ० | ० | ० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ० | ० | ० | ० |
| २२१११ पानी तथा बिजुली | ३५,००,०००.०० | ३१,६७,४१७.४४ | ९०.५ | ३,३२,५८२.५६ |
| २२११२ संचार महसुल | १३,१३,०००.०० | ११,७३,४७८.०० | ८९.३७ | १,३९,५२२.०० |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | २५,७०,०००.०० | २५,४६,४००.०० | ९९.०८ | २३,६००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | २०,००,०००.०० | १९,९९,९९८.०० | १०० | २. |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ९४,००,०००.०० | ८७,८२,३८८.६२ | ९३.४३ | ६,१७,६११.३८ |
| २२२१३ सवारी साधन मर्मत खर्च | २९,००,०००.०० | २८,१९,३३२.०० | ९७.२२ | ८०,६६८.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ७,००,०००.०० | ६,०५,७९९.२९ | ८६.५४ | ९४,२००.७१ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २५,७७,०००.०० | २५,७७,०००.०० | १०० | ० |

| | | | | |
|---|---|---|---|---|
| २२२३१ निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | १५,००,०००.०० | ५,३३,५८९.०० | ३५.५७ | ९,६६,४११.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ८९,९५,०००.०० | ८८,३६,२०५.०० | ९८.२३ | १,५८,७९५.०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १०,०००.०० | ६,२००.०० | ६२ | ३,८००.०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १,००,०००.०० | १,००,०००.०० | १०० | ० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २३,१०,०००.०० | २३,०३,९३५.०० | ९९.७४ | ६,०६५.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ८,८९,०००.०० | ८,८९,०००.०० | १०० | ० |
| २२४११ सेवा र परामर्श खर्च | ० | ० | ० | ० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५,००,०००.०० | ४,८७,५३७.०० | ९७.५१ | १२,४६३.०० |
| २२४१३ करार सेवा शुल्क | ५,८२,४२,०००.०० | ५,२६,३३,०२६.०६ | ९०.३७ | ५६,०८,९७३.९४ |
| २२४१४ सरसफाईसेवा शुल्क | ९०,००,०००.०० | ७६,५९,७०३.०० | ८५.११ | १३,४०,२९७.०० |
| २२४१९ अन्य सेवा शुल्क | ५,००,०००.०० | ४,८९,६५०.०० | ९७.९३ | १०,३५०.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ११,२५,६९७.०० | ९,६३,२५७.०० | ८५.५७ | १,६२,४४०.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १०,९९,६००.०० | ९,९८,४५०.०० | ९०.८ | १,०१,१५०.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १०,३०,०००.०० | ९,१९,४६६.०० | ८९.२७ | १,१०,५३४.०० |

| | | | | |
|---|---|---|---|---|
| २२५२२ कार्यक्रम खर्च | ८,५२,९०,४६४.०० | ७,४८,०५,९७२.०० | ८७.७१ | १,०४,८४,४९२.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | ९,२९,३४,५६९.०० | ५,६९,३९,१२५.३० | ६१.२७ | ३,५९,९५,४४३.७० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १६,५७,३००.०० | १४,०७,७८०.०० | ८४.९४ | २,४९,५२०.०० |
| २२६१२ भ्रमण खर्च | ४५,६०,०००.०० | ४५,५५,०००.०० | ९९.८९ | ५,०००.०० |
| २२६१९ अन्य भ्रमण खर्च | ८,००,०००.०० | ६,३६,२९४.०० | ७९.५४ | १,६३,७०६.०० |
| २२७११ विविध खर्च | ९५,३२,८९८.०० | ९१,२१,९६५.०० | ९५.६९ | ४,१०,९३३.०० |
| २५३१५ अन्य सस्था सहायता | ४,००,०००.०० | २९,०००.०० | ७.२५ | ३,७१,०००.०० |
| २६३१२ स्थानीय तहलाइ सःशर्त चालु अनुदान | ३७,०००.०० | ३७,०००.०० | १०० | ० |
| २६३२१ स्थानीय तहलाइ निःशर्त पुँजीगत अनुदान | ७५,०००.०० | ७५,०००.०० | १०० | ० |
| २६३३२ सशर्त अनुदान (चालु) | २,०६,०००.०० | २,०६,०००.०० | १०० | ० |
| २६४१२ सरकारीनिकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई सशर्त चालु अनुदान | ४०,००,०४,७००.०० | ३९,२९,८०,८५९.७६ | ९८.२४ | ७०,२३,८४०.२४ |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | ४,८२,५२,०००.०० | ३,२३,९६,३३७.१३ | ६७.१४ | १,५८,५५,६६२.८७ |
| २७११२ अन्य सामाजिक सुरक्षा | ० | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ० | ० | ० | ० |
| २७२१३ औषधीखरिद खर्च | ४५,४३,४००.०० | ४५,२०,०७१.०० | ९९.४९ | २३,३२९.०० |
| २७२१९ अन्य सामाजिक सहायता | १५,००,०००.०० | १५,००,०००.०० | १०० | ० |
| २८१४२ घरभाडा | १५,००,०००.०० | १४,९२,२००.०० | ९९.४८ | ७,८००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ४,००,०००.०० | २,९८,४५१.०० | ७४.६१ | १,०१,५४९.०० |
| २८२१९ अन्य फिर्ता | १२,००,०००.०० | ९,७०,०१०.०० | ८०.८३ | २,२९,९९०.०० |
| पूंजीगत | ४९,०५,८०,०००.०० | ३७,५९,००,५६९.३९ | ७६.६२ | ११,४६,७९,४३०.६१ |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३,२४,३०,०००.०० | १,५९,१६,२५२.०० | ४९.०८ | १,६५,१३,७४८.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २८,००,०००.०० | ११,००,०००.०० | ३९.२९ | १७,००,०००.०० |
| ३११२१ सवारी साधन | २१,००,०००.०० | २०,१०,०५०.०० | ९५.७२ | ८९,९५०.०० |
| ३११२२ मेशिनरी तथा औजार | ६१,००,०००.०० | ५३,०१,५०९.०० | ८६.९१ | ७,९८,४९१.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २८,२५,०००.०० | २६,७०,३५७.०० | ९४.५३ | १,५४,६४३.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ५,००,०००.०० | ३,९५,५००.०० | ७९.०९ | १,०४,५००.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | १०,२५,०००.०० | १०,२५,०००.०० | १०० | ० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ६८,००,०००.०० | ६२,०४,४३३.०० | ९१.२४ | ५,९५,५६७.०० |
| ३११५१ सडक तथा पूल निर्माण | २२,९१,७५,०००.०० | १७,७६,३१,८२२.७४ | ७७.५१ | ५,१५,४३,१७७.२६ |
| ३११५३ विद्युत संरचना निर्माण | १२,००,०००.०० | ११,९१,६८३.०० | ९९.३१ | ८,३१७.०० |

| | | | | |
|---|---|---|---|---|
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ९०,८[illegible].०० | ९०,४३,१७४.०० | ९९.५९ | ३६,८२६.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | २,२४,९०,०००.०० | २,१७,२१,२०१.०० | ९६.५८ | ७,६८,७९९.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ४,२७,९०,०००.०० | २,६८,२१,९[illegible] | ६२.६८ | १,५९,६८,०७०.३५ |
| ३११५७ वन तथा वातावरण संरक्षण | ७५,०००.०० | ५०,०००.०० | [illegible]६७ | २५,०००.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | २०,१०,०००.०० | ५,०८,१६९.०० | २५.२८ | [illegible]०१,८३१.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २,५७,१०,०००.०० | २,४६,४५,०४०.०० | ९५.८६ | १०,६४,९६०.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३२,५०,०००.०० | ३२,१६,५६८.०० | ९८.९७ | ३३,४३२.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ९,२१,२०,०००.०० | ६,८३,४७,८८१.०० | ७४.१९ | २,३७,७२,११९.०० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ८१,००,०००.०० | ८१,००,०००.०० | १०० | ० |
| वित्तीय | ६,८३,००,०००.०० | ० | ० | ६,८३,००,०००.०० |
| ३२१४२ सार्वजनिक संस्थानमा ऋण लगानी | ५,८३,००,०००.०० | ० | ० | ५,८३,००,०००.०० |
| ३२१४३ अन्यसंस्थामा ऋण लगानी | ५०,००,०००.०० | ० | ० | ५०,००,०००.०० |
| ३२१४९ अन्यसंस्थाबाट ऋण लगानी फिर्ता | ५०,००,०००.०० | ० | ० | ५०,००,०००.०० |
| जम्मा | १,४५,३०,२८,०००.०० | १,१८,०५,६९,६५४.८८ | ८१.२४ | २७,२४,५८,३४५.१२ |

पालिकाले प्राप्त तथा भुक्तानी गरेको धरौटी तथा सञ्चालन गरेका कोषहरुबाट भएको प्राप्ती तथा भुक्तानी देहाय अनुसार छः

| कोष वा श्रोत | शुरु मौज्दात | यो वर्ष थप | जम्मा | यो वर्षको भुक्तानी | | बाकी |
|---|---|---|---|---|---|---|
| | | | | फिर्ता / खर्च | सदरस्याहा | |
| धरौटी | १,७०,८९,९२१.२० | ७२,८८,५८१.०० | २,४३,७८,५०२.२० | ७३,७९,२८५.३८ | ४,०६,१९३.०० | १,६५,९३,०२३.८२ |
| कोष | | | | | | |
| कार्य संचालन कोष - बिबिध | ६,५९,५०,२१३.३२ | १,८८,३५,७९४.०० | ८,०१,८८,२२३.३२ | ४,१२,०६,१४७.६९ | ० | ४,१९,८२,०७५.६३ |
| प्रकोप व्यवस्थापन कोष | १,१९,३६,८१४.१० | ० | १,०९,३६,८१४.१० | ७३,३०,५४५.०० | ० | ३६,०६,२६९.१० |
| बिबिध खर्च खाता/कोष-बैंक (ग २-७) | ५३,५०,५०३.५० | २५,७३,४४१.३१ | ७९,२३,९४४.८१ | ५६,६५,२९४.०३ | ० | २२,५८,६५०.७८ |
| जम्मा | ८,३२,३७,५३०.९२ | २,१४,०९,२३५.३१ | ९,९०,४८,९८२.२३ | ५,४२,०१,९८६.७२ | | ४,७८,४६,९९५.५१ |
| कुल जम्मा | १०,०३,२७,४५२.१२ | २,८६,९७,८१६.३१ | १२,३४,२७,४८४.४३ | ६,१५,८१,२७२.१० | ४,०६,१९३.०० | ६,४४,४०,०१९.३३ |

**निर्णय नं. २३ : सामी परियोजना सम्बन्धी अर्को कार्यपालिकामा छलफल गर्ने निर्णय गरियो ।**

१४१ औं बैठक मा प्रस्ताव नं. २३ को प्रस्ताव माथी छलफल गर्दा, कमलामाई नगरपालिकाले प्रकाशित गरेको सामी परियोजना कर्मचारी हरुको विज्ञापन गरी लिखित परीक्षा लिएर ~~[illegible]~~ परीक्षा बाट रिजल्ट प्रकाशन, २०८० श्रावण ४ गते [illegible] निकालेर १२ घण्टा नपुगी नगर प्रमुख आदेश अनुसार पास भएका [illegible] कामगर्न नदिएकोमा ६ जना कर्मचारी लाई बिना [illegible] क्यान्सिल गरेर [illegible] यस [illegible] सामी आयस्तो छ, तत्काल हाजिर गराउन पर्ने छ।

१७

[illegible]